आज मिति २०८२ साल असोज महिना ५ गते आइतबारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको तेस्रो वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | आमन्त्रित उपस्थिति | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकीय अधिकृत |
| | श्री हरि पराजुली | | ईन्जिनियर |
| | श्री श्याम प्रसाद सापकोटा | | लेखापाल |

प्रमाणित

**आर्थिक वर्ष २०८२/०८३ को तेस्रो नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः**
**मितिः (२०८२/०६/०५)**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा,
२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई उपलब्ध गराउन सकिने जग्गा सम्बन्धमा,
३. सामी सञ्चालन गर्ने वडा छनोट गर्ने सम्बन्धमा,
४. विविध

**निर्णय नं. १**
प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२/०५/०२ गते बसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को दोस्रो बैठकमा भएका निर्णयहरूको समीक्षा गरियो ।निर्णय कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**
प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२(ख) को उपदफा (४) बमोजिम नकारात्मक सूचिमा नपर्ने जग्गा मात्र वडा सहजिकरण समितिबाट सिफारिस गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**
प्रस्ताव नं. ३ माथि छलफल गर्दा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम आ.व. २०८२/०८३ मा सञ्चालन गर्न सम्बन्धित शाखाको प्रस्ताव बमोजिम हाल सम्म उक्त कार्यक्रम सञ्चालन नभएको वडा नं. ८ र अर्को वडा नं. १ छनोट गरी सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको शिक्षा शाखाको आ.ब. ०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमहरु कार्यान्वयन सम्बन्धी कार्यविधि निर्माण गर्न विधेयक समितिलाई सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ५**
प्रस्ताव नं. ४ माथि छलफल गर्दा पत्रपत्रिकालाई दिने सूचना तथा विज्ञापनहरुलाई व्यवस्थित गर्नको लागि कार्यविधि निर्माण गर्नु पर्ने आवश्यक भएकाले उक्त कार्यविधि निर्माण गर्न विधेयक समितिलाई सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक समिक्षा गोष्ठी मिति २०८२ साल असोज महिनाको ०८ र ०९ गते गर्ने र सोको लागि सबै वडा कार्यालय र शाखाहरुले आवश्यक तयारी गर्न निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकामा तपसिल अनुसारको योजनाको संचालन गर्नको लागि वडा कार्यालयको सिफारिस साथ निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नगर विकास योजनाको निम्न बमोजिमको शीर्षकवाट प्राविधिक लागत अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना | प्रविधिक लागत अनुमान भएको/नभएको | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | बिस्मुरे कच्चि मोटर मार्ग स्तरोन्नती योजना | भिमाद ८ | भएको | १,९५,०००।- | सि.नं.१०९नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत शिर्षकवाट |
| २ | सितल मार्ग देखि छोरेपाटन मार्ग स्तरोन्नती | भिमाद ५ | भएको | ३,००,०००।- | |
| ३ | वडा नं. १ कार्यालय पखाल निर्माण | भिमाद १ | भएको | ३,५२,०००।- | |
| ४ | विधुतको कालो तार जडान गर्ने | भिमाद ९ | भएको | १६,०००।- | |

**निर्णय नं. ८**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको कृषि शाखामा कार्यरत नायब प्राविधिक सहायक श्री विरेन्द्र बमले सुदुरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय डिनको कार्यालय टीकापूर कैलालीले प्रकाशित गरेको कृषि स्नातक तहमा (Bsc.Ag) प्रवेश परीक्षा दिन यस कार्यालयबाट पूर्व स्वीकृत लिई विश्वविधालयले सरकारी सेवामा कार्यरत कर्मचारीको लागि निधारण गरेको अतिरिक्त कोटामा उक्त विश्वविधालयले मिति २०८२।०५।१८ गते प्रकाशित गरेको सूचना बमोजिम छनोट भएको हुदाँ विश्वविद्यालयमा लाग्ने सम्पूर्ण खर्च निवेदक विरेन्द्र बमले नै बुझाउने गरी मिति २०८२।०८।०१ देखि २०८५।०७।३० गते सम्म ३ (तिन) वर्ष तलबी अध्ययन विदा स्विकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं. ९

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत स्थानीय तहमा सूचना प्रविधिको प्रयोग बढाई सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न सघाउ पुर्‍याउने उद्देश्यले लागत साझेदारीमा स्थानीय तहबाट सेवा करारमा लिई कामकाज गर्ने सूचना प्रविधि अधिकृतको सेवा सुविधा, कार्यविवरण तथा जिम्मेवारी निर्धारण तथा संघ प्रदेश र स्थानीय तहका सूचना प्रविधिका क्षेत्रमा आवश्यक सहकार्य तथा समन्वय लगायतका कार्यमा सूचना प्रविधि अधिकृत परिचालन गर्न स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ६ उपदफा (१) बमोजिम सूचना अधिकृतलाई अधिकृतस्तर सातौं तहको पदमा सम्झौता गरी कामकाज गराउन सकिने व्यवस्था रहेको हुँदा यस कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृत छैठौं तहका श्री आशिष सुवेदीलाई मिति २०८२।०६।०१ गते देखि लागू हुने गरी अधिकृतस्तर सातौ तहको करार सम्झौता गरी कामकाज गराउने निर्णय गरियो ।

### निर्णय नं. १०

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सेराटारमा रहेको सुर्य नेपाल प्रा. लि. बाट भिमाद नगरपालिकालाई प्रत्यक्ष प्रभावित गर्ने भएकोले व्यवसायिक सामाजिक जिम्मेवारी कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम सामाजिक उत्तरदायित्व निर्वाह गर्नको लागि कार्यक्रम संचालनको गर्न अनुमति दिने निर्णय गरियो ।

### निर्णय नं. ११

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८२ भाद्र २३ र २४ गते घटेका दुखद् घटनामा जिल्ला प्रशासन कार्यालय तनहुँ समेतका केही कार्यालय आगजानी भइ भौतिक तथा जिन्सी सामाग्रीहरु समेत क्षती भएकाले उक्त क्षति भएका कार्यालयहरुमा दैनिक सेवा सुचारु गर्नको लागि तनहुँ जिल्लाका सरकारी कार्यालय प्रमुखहरुको बैठकबाट आवश्यक सहयोग उपलब्ध गराउने निर्णय भए अनुसार जिल्ला प्रशासन कार्यालय तनहुँमा तपसिल बमोजिमका जिन्सी सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि. न. | सामानको नाम | स्पेशिफिकेशन | इकाइ | परिमाण | सामानको अवस्था |
|---|---|---|---|---|---|
| १ | प्रिन्टर | Canon-MF275DW Double Side Printer | वटा | १ | नयाँ |
| २ | कुर्ची | Revolving/Executive Chair | वटा | २ | |
| ३ | दराज | स्टिल | वटा | ३ | |
| ४ | टेवल | स्टिल फ्रेम-डबल घर्ला | वटा | २ | |

### निर्णय नं. १२

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाको पहिचान र आधिकारिक प्रयोजनमा प्रयोग हुने लोगो निर्माण गर्न आवश्यक भएको हुँदा नगरपालिकाको भौगोलिक, साँस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक विशेषता झल्किने प्रतीकहरु समावेश गरी निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्तान नं. ४ उपर छलफल गर्दा राजश्व परामर्श समिति तथा नदिजन्य पदार्थ अनुगमन समितिको संयुक्त अनुगमन हुँदा भिमाद नगरपालिका वडा नं. ५ मा अवस्थित दब्ल्याङ्ग, झकास, बाँदरकुना र गेरुवा, वडा नं. ७ मा अवस्थित सिस्नेरी र वडा नं. ८ स्थित कसेनी घाटमा नदिजन्य पद्धार्थ ढुङ्गा गिट्टी वालुवा रहेको देखिएको र तँहा प्रारम्भिक वातावरणीय प्रतिवेदन अनुसार नदिजन्य पदार्थको उत्खनन् बिक्री वितरण गरी आन्तरिक आय बढाउन उपयुक्त देखिएकोले प्रस्तावक भिमाद नगरपालिका हुने गरी सम्पूर्ण घाटको लागि तयार भएको प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदनको कार्य सूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।